# स्थानीय राजपत्र


सूर्यविनायक नगरपालिकाद्वारा प्रकाशित

खण्ड ६) कटुञ्जे, भक्तपुर मंसिर १८ गते, २०७९ साल (संख्याः ०३


## भाग १

## स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

## सूर्यविनायक नगरपालिका नगरकार्यपालिकाको कार्यालयको सूचना

सूर्यविनायक नगरपालिका नगरसभाले बनाएको तल लेखिए बमोजिमको सूर्यविनायक नगरपालिकाको संस्था दर्ता ऐन, २०७९ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०७९ सालको ऐन नं. ०३

# सूर्यविनायक नगरपलिकाको संस्था दर्ता ऐन, २०७९

# सूर्यविनायक नगरपालिकाको संस्था दर्ता ऐन, २०७९

**प्रस्तावनाः**

सूर्यविनायक नगर क्षेत्रभित्र कार्यक्षेत्र निर्धारण गरी सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, शैक्षिक, बौद्धिक, खेलकुद, पर्यावरण, शारीरिक सुगठन वा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गर्न र कानून बमोजिम दर्ता भएका संघ संस्थाहरुको लगानी र भूमिकालाई प्रभावकारी, जवाफदेही र पारदर्शी बनाउदै नगरको प्राथमिकताको क्षेत्रमा काम गर्ने वातावरण बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा ४ (ठ) बमोजिम कानूनी व्यवस्था गर्न वान्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम सूर्यविनायक नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "सूर्यविनायक नगरपालिकाको संस्था दर्ता ऐन, २०७९ रहेको छ ।

(२) यो ऐन तुरुन्त लागु हुनेछ ।

(३) यो ऐन नगरपालिकाभित्र मात्र लागु हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

क. “नगरसभा” भन्नाले सूर्यविनायक नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

ख. “नगरपालिका” भन्नाले सूर्यविनायक नगरपालिका सम्झनु पर्छ ।

ग. “प्रमुख” भन्नाले सूर्यविनायक नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ

घ. “उपप्रमुख” भन्नाले सूर्यविनायक नगरपालिकाको नगर उपप्रमुखलाई सम्झनुपर्दछ ।

ङ. “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले सूर्यविनायक नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्दछ ।

च. “दर्ता अधिकारी भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारीलाई सम्झनुपर्दछ ।

छ. “संस्था” भन्नाले कुनै सामाजिक, साहित्यिक, सांस्कृतिक, वैज्ञानिक, कल्याणकारी, धार्मिक, शैक्षिक, बौद्धिक, पर्यावरणीय, अनुसन्धानमूलक, शारीरिक सुगठन, परोपकारी काम गर्ने वा कुनै पेशागत हकहित संरक्षण गर्ने, सामुदायिक विकास गर्ने, पर्यावरण संरक्षण गर्ने वा कुनै अधिकार, सुशासन वा सामाजिक न्यायको पैरवी गर्ने उद्देश्यले स्थापना भएको संघ, संस्था, समूह, क्लब, परिषद्, संगठन, समिति, मञ्च, केन्द्र, फाउण्डेशन, अध्ययन केन्द्र, आमा समूह, टोल विकास समिति/संस्था, मण्डल आदि जुनसुकै नाम दिइएको संस्था सम्झनुपर्छ।

ज. “कार्य समिति” भन्नाले संस्थाको विधान अनुसार गठन भएको कार्य समितिलाई सम्झनुपर्छ।

झ. "विधान" भन्नाले संस्थाको विधानलाई सम्झनु पर्दछ।

ञ. "साझेदार निकाय" भन्नाले सामाजिक विकास कार्यमा प्रचलित कानून वमोजिम सहयोग गर्ने द्विपक्षीय तथा बहुपक्षीय विकास साझेदारलाई सम्झनु पर्दछ ।

ट. अन्तर्राष्ट्रिय गैर सरकारी संस्था" भन्नाले अन्य राष्ट्रमा दर्ता भई नेपालमा प्रचलित कानून बमोजिम अनुमति लिई काम गर्ने संस्थालाई सम्झनुपर्दछ

ठ. ‘‘तोकिएको" वा "तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेको नियमावली वा निर्देशिका वा कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद-२
## संस्था दर्ता तथा संचालन

३. **<u>दर्ता नगरी संस्था संचालन गर्न नहुनेः</u>** (१) यस ऐन बमोजिम सूर्यविनायक नगरपालिकामा दर्ता नगरी कसैले पनि संस्था स्थापना र सञ्चालन गर्नु हुँदैन ।

(२) प्रचलित नेपाल कानून बमोजिम अन्यत्र दर्ता भई संचालनरत संस्थाले यस नगरपालिका क्षेत्र भित्र कार्य गर्न वा कार्य क्षेत्र बिस्तार गर्न चाहेमा अनिवार्य रुपमा यस नगरपालिकामा सूचीकृत हुनु पर्छ।

४. **<u>संस्थाको दर्ताः</u>** (१) यो ऐन बमोजिम संस्था दर्ता गर्न कार्य समितिको गठन देहायका आधारमा हुनु पर्छः

क. पदाधिकारीमध्ये कम्तीमा एक पदमा महिला सहित कार्य समितिमा कम्तिमा एक तिहाई महिला हुनुपर्ने,

ख. कार्य समिति गठनमा समावेशी सिद्धान्त अवलम्वन गर्नुपर्ने ।

(२) यो ऐन बमोजिम संस्था दर्ता गर्न चाहेमा उपदफा (१) बमोजिमको कम्तीमा सात सदस्यीय कार्यसमितिले देहायको विवरण खुलाई संस्थाको विधानको तीन प्रति र तोकिएको दस्तुर सहित संस्था दर्ता अधिकारीसमक्ष **अनुसूची-१** बमोजिमको ढाँचामा निवेदन दिनु पर्छ।

क. संस्थाको नाम,

ख. उद्देश्यहरु

ग. कार्य समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र तीनपुस्ते विवरण,

घ. आर्थिक स्रोत,

ङ. कार्यालय खोल्ने ठेगाना,

च. पदाधिकारीको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी,

छ. **अनुसूची-२** बमोजिमको स्व-घोषणापत्र,

ज. सम्बन्धित वडाको सिफारिस पत्र ।

(३) टोल सुधार संस्था/समिति गठनको लागि आफ्नो स्थानीय पहिचान खुल्ने नाम सहित तत्कालको लागि कम्तिमा पच्चीस परिवार समेटिने गरी गठन प्रस्ताव गर्नु पर्नेछ। यस अघि नै दर्ता भइसकेको संस्थाको हकमा यो ऐन जारी भएको मितिले एक वर्षभित्र नाम परिवर्तन गरी सोही बमोजिम संस्था नवीकरण गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिमको निवेदन प्राप्त भएपछि दर्ता अधिकारीले आवश्यक छानविन गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरी **अनुसूची-३** बमोजिमको ढाँचामा दर्ता प्रमाणपत्र दिनेछ ।

(५) संस्था दर्ता अधिकारीले कुनै संस्था दर्ता गर्न नमिल्ने वा कागजात एवं प्रमाण अपर्याप्त देखेमा सो को कारण सहित आवश्यक कागजात पुनः पेश गर्ने आदेश दिन सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको कागजात पेश गर्दा पनि संस्था दर्ता अधिकारीले त्यस्तो संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र उक्त निर्णयमा चित्त नबुझेमा निवेदकले सूचना प्राप्त गरेको मितिले पैंतीस दिनभित्र त्यस्तो निर्णय उपर एक तह माथिको पदाधिकारीसमक्ष उजुर गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिमको उजुर प्राप्त भएपछि एक तह माथिको पदाधिकारीले आवश्यक छानविन गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने संस्था दर्ता अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि संस्था दर्ता अधिकारीले **अनुसूची-३** बमोजिमको ढाँचामा संस्था दर्ता गरी प्रमाणपत्र दिनेछ ।

(८) एक तह माथिको पदाधिकारी समेतको परामर्शमा संस्था दर्ता अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा सोको सूचना निवेदकलाई दिनु पर्नेछ।

(९) संविधान र प्रचलित कानूनले निषेध गरेका कुनै पनि कार्य गर्ने उद्देश्य भएको संस्था दर्ता गरिने छैन र यस दफाको प्रतिकूल हुनेगरी दर्ता भएमा त्यस्तो संस्थाको दर्ता स्वतः बदर हुनेछ ।

(१०) यस दफा बमोजिम दर्ता भएको कुनै पनि संस्थाले आफ्नो बिधानमा उल्लेखित विषयसँग मात्र सम्बन्धित रही कार्य गर्नुपर्छ।

(११) कुनै पनि संस्थाले आफ्नो कुल बजेटको कम्तिमा साठी प्रतिशत लक्षित वर्गप्रति केन्द्रीत गर्नु पर्नेछ।

(१२) एउटा वडाभित्र एउटै नाम भएको एक भन्दा बढी संस्था दर्ता गरिने छैन। यदि संस्था दर्ताको लागि पेश गरेको कागजातमा नाम दोहोरिन गएको अवस्थामा पछिल्लो दर्ता प्रस्ताव गर्ने संस्थालाई अर्को नाम प्रस्ताव गर्न लगाई सोही बमोजिम दर्ता अधिकारीले संस्था दर्ता गरिदिनु पर्छ।

५. **संस्थाको कार्य समितिः** (१) संस्थाले कम्तिमा तेत्तीस प्रतिशत महिलासहित समावेशी कार्यसमितिको गठन गर्नु पर्नेछ ।

(२) संस्थाका पदाधिकारीको कार्य अवधि चार वर्षको हुनेछ तर एकै व्यक्ति लगातार दुई पटक भन्दा बढी अध्यक्ष हुन सक्ने छैन ।

(३) संस्थाको कार्यसमितिमा एकै परिवारका एक भन्दा बढी सदस्यहरु रहन पाउने छैन।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि "परिवार" भन्नाले बाबु, आमा, बाजे बज्यै, सासु, ससुरा, पति, पत्नी, छोरा, छोरी, बुहारी, ज्वाई, जेठान, सहोदर दाजुर भाई, दिदीबहिनी, धर्मपुत्र, धर्मपुत्री, सौतेनी आमा समेतलाई सम्झनुपर्छ ।

(४) संस्थाको कार्य समितिमा सरकारी कोषबाट नियमित पारिश्रमिक लिने पदाधिकारी वा कर्मचारी रहन पाउने छैनन् ।

६. **संस्थाको साधारणसभाः** संस्थाले वर्षमा एक पटक साधारण सभा गरी सोको जानकारी नगरपालिकालाई दिनु पर्नेछ। विशेष परिस्थितिमा एक भन्दा बढी पटक साधारण सभा गर्नु परेमा यस दफाले बाधा पुर्याएको मानिने छैन।

७. **पदाधिकारीको सुविधासम्बन्धी व्यवस्थाः** (१) संस्थाको अध्यक्ष र कार्यसमितिका सदस्यहरुले नियमित पारिश्रमिक लिन पाउने छैनन्। तर यस व्यवस्थाले विशेषज्ञ सेवा प्रदान गरी पारिश्रमिक लिन वा बैठक भत्ता, दैनिक तथा भ्रमण भत्ता, सञ्चार तथा यातायात खर्चजस्ता सुविधा लिन रोक लगाएको मानिने छैन ।

(२) कुनै संस्थाको अध्यक्ष भईसकेको व्यक्तिले निजको कार्यकाल समाप्त भएपछि सोही संस्थाबाट नियमित तलब–भत्ता पाउने कार्यकारी प्रमुख वा कर्मचारीका रूपमा नियुक्ति लिन पाउने छैन । तर यस व्यवस्थाले विशेषज्ञ सेवा प्रदान गर्न र सो वापत पारिश्रमिक वा भत्ता बापत तोकिएको रकम लिन भने वाधा पुग्ने छैन ।

८. **संस्थाको कर्मचारीसम्बन्धी व्यवस्थाः** (१) संस्थाले कर्मचारीको नियुक्ति, सेवा, सुविधा, बढुवा, अबकास लगायतका विषयमा नियमावली बनाई लागू गर्नु पर्नेछ ।

(२) संस्थाको कार्यकारी प्रमुख, लेखा प्रमुख जिन्सी र खरिदसम्बन्धी काम गर्ने कर्मचारीहरु एकै परिवारका सदस्यहरुमध्येबाट हुन पाउने छैनन् ।

स्पष्टीकरणः यस दफाको प्रयोजनको लागि परिवार भन्नाले बाबु, आमा, बाजे, बज्यै, सासू, ससुरा, पति, पत्नी, छोरा, छोरी, बुहारी, ज्वाई, जेठान, दाजु, भाई, दिदी, बहिनी, मामा माइजू, भान्जा, भाजी, काका, काकी, धर्मपुत्र, धर्मपुत्री, सौतेनी आमा समेतलाई सम्झनुपर्छ ।

(३) संस्थाको अध्यक्ष र कार्यकारी प्रमुख नियुक्त भएको मितिले तीस दिनभित्र सोको विवरण नगरपालिकामा अध्यावधिक गराउनु पर्नेछ ।

(४) संस्थाको कर्मचारीको पारिश्रमिक वा सुविधा बैंक मार्फतमात्र भुक्तानी गर्नुपर्नेछ ।

९. **सूचीकृत हुनुपर्ने:** (१) यस नगरपालिका बाहेक अन्यत्र समेत कार्य गर्ने गरी कार्यक्षेत्र तोकिएका वा कार्यरत सबै संस्थाहरु यो ऐन लागू भएको मितिले साठी दिन भित्र अनिवार्य नगरपालिकामा सूचिकृत हुनु पर्नेछ र यस दफा बमोजिम सूचिकृत नभएमा त्यस्तो संस्थालाई कुनै पनि कार्यक्रम संचालन गर्न अनुमति दिइने छैन।

१०. **दर्ता/सूचीकृत संस्थाको अभिलेख राख्नुपर्ने:** यस ऐन बमोजिम दर्ता/सूचीकरण भएका संस्थाको अभिलेख **अनुसूची-४** बमोजिमको ढाँचामा राख्ने र विवरण अद्यावधिक गर्ने दायित्व यस सम्बन्धी विषयक्षेत्र हेर्ने शाखाको हुनेछ। यसरी अभिलेख राख्दा दर्ता भएका र सूचीकृत भएका संस्थाहरुको विवरण छुट्टाछुट्टै दर्ता किताबमा राख्नु पर्नेछ।

११. **स्वीकृति लिनुपर्ने:** (१) दफा ४ बमोजिम दर्ता तथा दफा ८ बमोजिम सूचीकृत हुने संस्थाले नगरपालिकाभित्र कुनै कार्यक्रम वा योजना सञ्चालन गर्नुपरेमा प्रचलित कानूनका अतिरिक्त नगरपालिकाको पूर्व स्वीकृतिको लागि संस्था दर्ता अधिकारी समक्ष प्रस्ताव पेश गर्नुपर्नेछ।

स्पष्टिकरणः यस दफाको प्रयोजनका लागि योजना" भन्नाले ६ महिनाभन्दा बढी अवधिका परियोजना तथा कार्यक्रम समेतलाई जनाउँछ ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेश गर्दा संस्थाले देहाय बमोजिम खुलाउनु पर्नेछः

(क) प्रस्तावित योजनाको अवधारणा, लक्ष्य, उद्देश्य, मुख्य क्रियाकलाप र अपेक्षित प्रतिफल,

(ख) नगरपालिकाको नीति, कार्यक्रमको साथै प्राथमिकतासँग प्रस्तावित योजनाको सम्बन्ध,

(ग) योजना अवधि, मुख्य क्रियाकलापहरुको लागत सहित कूल लागत रकम र सो रकम खर्च गर्न संस्थाको आर्थिक श्रोत साधन प्राप्तिको सम्झौत

(घ) आवश्यक पर्ने भौतिक स्रोत साधनको विवरण तथा खरिद प्रकृया

(ङ) आवश्यक पर्ने जनशक्ति र त्यस्तो जनशक्तिको प्रकार एवं नियुक्तिको प्रक्रिया,

(च) लैंगिक समानता, सामाजिक समावेशीकरणसम्बन्धी नीति,

(छ) योजना सम्पन्न भएपछि दिगोपना कायम गर्ने उपायहरु,

(ज) लक्षित समूहको संख्या, प्रकृति र अवस्था,

(झ) कार्यक्रम संचालन हुने स्थान, वडा तथा स्थानीय तह,

(ञ) अनुगमन मूल्याङ्कन विधि,

(ट) अभिलेखीकरण प्रक्रिया,

(ठ) तोकिए बमोजिमका अन्य आवश्यक विषयहरु ।

(३) उपदफा (२) बमोजिम प्रस्ताव पेश गर्ने संस्थालाई प्राप्त विवरणको जाँचबुझ गरी सामान्यतया पन्ध्र दिन भित्र स्वीकृति दिन सकिनेछ । तर थप विवरण आवश्यक पर्ने भएमा परिषद्ले संस्थालाई सात दिनको समय दिनेछ ।

(४) उपदफा (३) बमोजिम थप विवरण प्राप्त भएमा सामान्यतया सात दिनभित्र नगरपालिकाले स्वीकृति दिनेछ ।

(५) उपदफा (४) बमोजिम नगरपालिकाले स्वीकृति दिन नमिल्ने भएमा कारण सहित सोको जानकारी सम्वन्धित संस्थालाई दिइनेछ ।

(६) छ महिनाभन्दा कम अवधिको योजना सञ्चालन गर्न चाहने संस्थाले यस दफा बमोजिम पूर्व स्वीकृति लिनु पर्ने छैन तर योजना संचालन गर्नुपूर्व नगरपालिकासँग संचार र समन्वय गर्नु पर्नेछ ।

१२. **<u>सूचीकरण हुनुपर्नेः</u>** प्रचलित नेपाल कानून बमोजिम वा प्रदेश कानून बमोजिम दर्ता भएको संस्थाले यस नगरपालिकाभित्र कार्यक्षेत्र बनाई काम गर्ने चाहेमा संस्थाको कार्यसमितिको निर्णयको साथमा आफू दर्ता भएको प्रमाणपत्र र संस्थाको विधानको एक प्रति संलग्न राखी यो ऐन बमोजिम नगरपालिकामा सूचीकरण हुनुपर्नेछ ।

१३. **<u>नवीकरण गर्नुपर्नेः</u>** यस ऐन बमोजिम दर्ता वा सूचीकरण भएको संस्थाले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र सम्बन्धित वडा कार्यालयको

सिफारिस सहित नगरपालिकामा आई तोकिएको दस्तुर बुझाई नवीकरण गर्नु पर्नेछ ।

(२) संस्थाको नवीकरण दस्तुर नगरपालिकाको आर्थिक ऐनले तोके बमोजिम हुनेछ।

(३) नवीकरण सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **वित्तीय कारोवार गर्न नपाउने:** यस ऐन बमोजिम दर्ता/सूचीकृत भएको संस्थाले बैक तथा वित्तीय संस्थाले जस्तो निक्षेप संकलन तथा कर्जा प्रवाह सम्बन्धी वित्तीय कारोवार गर्न पाउने छैन। तर संस्थाले आफ्ना सदस्यहरुको सामूहिक हित तथा कल्याणको लागि कोष खडा गरी संस्थाको विधान बमोजिम निश्चित रकम संकलन गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन।

१५. **संगठित संस्था मानिने:** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्नेछ ।

१६. **दर्ता नभई स्थापना भएको संस्थाले दर्ता गर्ने:** यो ऐन प्रारम्भ हुनुभन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भएका संस्थाले पनि यो ऐन प्रारम्भ भएको साठी दिन भित्र यो ऐन बमोजिम नगरपालिकामा संस्था दर्ता गर्नु पर्नेछ।

१७. **संस्थाको उद्देश्यहरुमा हेरफेर:** (१) संस्थाको उद्देश्यहरुमा हेरफेर गर्न आवश्यक देखिएमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत् सम्बन्धी प्रस्ताव तयार गरी सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम विशेष साधारण सभा बोलाउनु पर्नेछ।

(२) विशेष साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव विशेष साधारण सभाबाट

पारित भएको मानिनेछ ।तर सो प्रस्ताव लागु गर्न दर्ता अधिकारीको पूर्व स्वीकृति लिनु पर्ने छ।

१८. **कार्यक्रम पेश गर्नु पर्नेः** (१) संस्थाले आफ्नो वार्षिक कार्यक्रम कार्यतालिका तयार पारी आर्थिक वर्ष शुरु भएको मितिले तीस दिनभित्र कार्य समितिबाट स्वीकृत गरी समितिको निर्णय स्वीकृत कार्यक्रम र सम्बन्धित वडाको सिफारिस संलग्न राखी संस्था दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(२) अन्य संस्थासँगको सहकार्य वा समाज कल्याण परिषद वा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासँगको स्वीकृति एवं अनुमतिमा संचालन गरिने कार्यक्रमको हकमा उक्त निकायबाट अनुमति वा स्वीकृति पाएको मितिले पन्ध्र दिनभित्र सो कार्यक्रम वा परियोजनाको विस्तृत प्रस्ताव सहित स्वीकृतिको लागि संस्था दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको कार्यक्रम प्राप्त भएपछि संस्था दर्ता अधिकारीले सो अध्ययन गरी मनासिब भएमा सात दिनभित्र स्वीकृति दिनेछ।

१९. **प्रतिवेदन गर्नुपर्नेः** (१) यस ऐन बमोजिम दर्ता वा सूचीकृत भएका संस्थाहरुले आफ्नो अद्यावधिक विधान र योजना कार्यान्वयनको कार्यतालिका बमोजिमको प्रगति प्रतिवेदन (योजनाको नाम, उद्देश्य, कार्यक्षेत्र, लक्षित समूह, सम्पन्न गरिएको कामको नाम, खर्च रकम, अभिलेख व्यवस्था तथा दिगोपना कायम गर्न भएका सीप हस्तान्तरणको कार्यसहित कार्य सम्पन्न भएको वडा तथा स्थान उल्लेख गरी) नगरपालिकामा बुझाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन संस्थाले कार्यक्रम संचालन गरेको वडामा समेत बुझाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको अद्यावधिक विधान र योजना कार्यान्वयनको कार्यतालिका बमोजिमको प्रगति प्रतिवेदन सम्बन्धित संस्थाले हरेक वर्ष नगरपालिकामा संस्था नवीकरण गर्न आउँदा अनिवार्य पेश गर्नु पर्छ।

## परिच्छेद-३

## संस्थाको सम्पत्ति र आय व्यय

२०. **संस्थाको सम्पत्तिः** (१) कुनै पनि संस्थाले आफ्नो सम्पत्ति सम्बन्धी विवरण दुरूस्त रुपमा राखी एकप्रति सम्बन्धित संस्था दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ ।

(२) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा दर्ता अधिकारीले प्रहरी प्रशासनको सहयोग लिई त्यस्तो सम्पति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राखे संस्था वा व्यक्तिबाट फिर्ता लिई सम्बन्धित व्यक्ति वा संस्थालाई फिर्ता बुझाई दिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी दर्ता अधिकारीले गरेको कारवाहीमा चित्त नबुझ्ने व्यक्तिले पैतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ।

(४) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध गरेमा संस्था, संस्थाको कुनै सदस्य वा दर्ता अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारवाही चलाउन सक्नेछ।

२१. **सम्पत्ति जफतः** तीन वर्षसम्म लगातार नवीकरण नगर्ने र नियमित साधारण सभा नगर्ने संस्था उपर संस्था दर्ता अधिकारी मार्फत नगरपालिकाले कारवाही गर्न सक्नेछ र पाँच वर्षसम्म नवीकरण नगर्ने संस्थाको सम्पत्ति सम्बन्धित संस्था दर्ता अधिकारीले जफत गर्न सक्नेछ । तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्नेछ।

२२. **हिसाबको विवरण पठाउनु पर्नेः** (१) संस्थाले प्रत्येक वर्ष मान्यता प्राप्त लेखापरीक्षकबाट संस्थाको लेखा परीक्षण गराउनु पर्नेछ।

(२) कार्य समितिले प्रत्येक वर्ष आफ्नो संस्थाको कामको प्रगति, आय व्ययको विवरण र लेखा परीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिन भित्र संस्था दर्ता अधिकारी समक्ष पेश गर्नु पर्नेछ।

२३. **<u>संस्थाको वित्तीय विवरण:</u>** संस्थाको वित्तीय विवरण दोहोरो लेखा प्रणालीको ढाँचामा राख्नु पर्नेछ ।

२४. **<u>लेखा र लेखापरीक्षण:</u>** (१) संस्थाले प्रचलित कानून बमोजिम आफ्नो संस्थाको सम्पूर्ण कारोवारको लेखा राखी हरेक वर्ष आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिनाभित्र दर्तावाला लेखापरीक्षकबाट संस्थाको लेखापरीक्षण गराउनु पर्छ।

(२) उपदफा (१) बमोजिम लेखा परीक्षण गरी सकेपछि लेखा परीक्षकबाट प्राप्त भएको लेखापरीक्षण प्रतिवेदनको एक प्रति संस्थामा प्रतिवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र नगरपालिकाको संस्था दर्ता सम्बन्धी विषय हेर्ने शाखामा उपलब्ध गराउनु पर्छ।

२५. **<u>खरिद कानून प्रतिकूल कारोवार गर्न नहुने:</u>** नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाको सार्वजनिक खरिद सम्बन्धी कानूनको प्रतिकूल हुने गरी आर्थिक कारोवार गर्न पाइने छैन।

२६. **<u>हिसाब जाँच गर्ने:</u>** (१) संस्था दर्ता अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफुले खटाएको वा नियुक्त गरेको कुनै कर्मचारीद्वारा जाँच गर्न गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाबजाँच गराए बापत संस्था दर्ता अधिकारीले हिसाबजाँचबाट देखिन आएको संस्थाको मौज्दात रकमको पाँच प्रतिशतमा नबढाई दस्तूर असुल गरी लिन सक्नेछ।

(३) हिसाब जाँच गर्ने कर्मचारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको उपयुक्त जवाफ दिनु प्रत्येक संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ।

(४) हिसाब जाँच गर्ने कर्मचारीले दर्ता अधिकारीले तोकिदिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन दर्ता अधिकारी समक्ष पेस गर्नु पर्ने छ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने संस्था दर्ता अधिकारी लाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी भएको रकम वा जिन्सी असुल गर्न प्रचलित कानुन बमोजिम कारवाही चलाउन सक्नेछ ।

तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सम्बन्धित निकायलाई लेखी पठाउनु पर्नेछ।

२७. **<u>चल अचल सम्पत्ति बिक्री वितरणः</u>** संस्थाको चल अचल सम्पत्ति विक्री वितरण गर्न अगाडि संस्था दर्ता अधिकारी समक्ष कारण र औचित्य खुलाई पूर्व स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद-४
## दण्ड सजाय र पुनरावेदन

२८. **<u>दण्ड र सजायः</u>** (१) ऐनको दफा ४ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ९ बमोजिम संस्था सूचीकरण नगरी वा दफा १२ बमोजिम संस्था नवीकरण नगरी सञ्चालन गरेमा त्यस्ता संस्थाका कार्य समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही दश हजार रुपैया जरिवाना गर्नेछ ।

(२) दफा ११ बमोजिम प्रतिवेदन र दफा १८ बमोजिमको विवरण नपठाएमा कार्य समितिका सदस्यहरुलाई संस्था दर्ता अधिकारीले जनही दुई हजार रुपैया जरिवाना गर्नेछ । तर कार्य समितिले प्रतिवेदन तथा विवरण बुझाउन सकभर प्रयत्न गरेको भन्ने विश्वस्त हुने आधार एवं प्रमाण पेश गरेमा संस्था दर्ता अधिकारीले जरिवानामा पचास प्रतिशत सम्म छुट दिन सक्नेछ ।

(३) दफा २१ को उपदफा (३) बमोजिम हिसाब जाँच गर्न सम्बन्धित कर्मचारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई संस्था दर्ता अधिकारीले जनही पाँच हजार रुपैयाँ जरिवाना गर्नेछ ।

२९. **<u>पुनरावेदनः</u>** संस्था दर्ता अधिकारीले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ।

## परिच्छेद-५
## विविध

३०. **<u>निलम्बन र खारेजीः</u>** (१) यस ऐन बमोजिम दर्ता भएका संस्थाले देहायका कुनै कार्य गरेमा संस्था दर्ता अधिकारीले निलम्बन गर्न सक्नेछ :

क. संस्था दर्ता अधिकारीले माग गरेको विवरण उपलब्ध नगराएमा,

ख. तोकिएको कार्यक्षेत्रभन्दा बाहिर गई कार्य गरे गराएकोमा ।

(२) देहायको अवस्थामा बाहेक सामान्यतया संस्था खारेज हुने छैनः

क. सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता विरोधी गतिविधी गरेमा,

ख. क्षेत्रीय, जातजाति, धर्म, संस्कृति, लैङ्गिक विभेद र समुदायबीचको सम्बन्धमा खलल पुर्याउने गतिविधि गरेमा,

ग. नेपाल राज्यको विरुद्दमा जासुसी गरेमा,

घ. राष्ट्रिय वा प्रादेशिक अर्थतन्त्रमा गम्भिर नोक्सान पुर्याउने काम गरेमा,

ङ. लगातार तीन वर्षसम्म नवीकरण नभएमा

च. अनुमति नलिई अर्को संस्थामा गाभेमा,

छ. संस्था दर्ता अधिकारीको पूर्व स्वीकृति विना संस्थाको उद्देश्यमा हेरफेर गरेम,

ज. नगरपालिकाले दिएको निर्देशन पालना नगरेमा,

झ. संस्थाको सम्पति हिनामिना गरेमा।

(३) उपदफा (१) बमोजिम निलम्बन गर्दा वा उपदफा (२) बमोजिम खारेजी गर्नुभन्दा पहिले त्यस्तो संस्थालाई सफाई पेश गर्ने मनासिव मौका दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम संस्थाले पेश गरेको सफ़ाई मनासिव देखिएमा संस्था दर्ता अधिकारीले निलम्बनको प्रकृयालाई स्थगन गर्न सक्नेछ ।

(५) उपदफा (१) र (२) को बमोजिमको निर्णय उपर चित्त नबुझेमा एक तह माथिको पदाधिकारी समक्ष उजुरी गर्न सक्नेछ ।

(६) उपदफा (२) बमोजिम संस्था खारेज गर्नु अघि संस्था दर्ता अधिकारीले त्यस्तो संस्थालाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

३१. **<u>अनुगमन तथा मूल्याङ्कनः</u>** (१) यस ऐन बमोजिम दर्ता भएका संस्थाले तोकिएको कार्य गरे नगरेको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गरी आवश्यक कारबाही गर्न देहाय बमोजिमको समिति रहनेछः

| | |
|---|---|
| (क) उपप्रमुख | - अध्यक्ष |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) सामाजिक विकास सम्बन्धी विषयक्षेत्र हेर्ने महाशाखा/शाखा प्रमुख | - सदस्य |
| (घ) सामाजिक विकास समितिको संयोजक | - सदस्य |

(ङ) संस्था दर्ता सम्बन्धी विषयक्षेत्र हेर्ने शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम दर्ता भएका संस्थाको सम्बन्धित निकायले नियमित निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्न बाधा पर्ने छैन ।

(३) उपदफा (१) बमोजिम समितिले आवश्यक देखेमा छानविन गरी संस्थाले यस ऐन बमोजिम तोकिएको कार्य नगरेको पाईएमा त्यस्तो संस्थाको दर्ता खारेज गर्न सम्बन्धित संस्था दर्ता अधिकारीलाई लेखि पठाउनेछ ।

(४) उपदफा (३) बमोजिम खारेजी गर्नुभन्दा पहिले त्यस्तो संस्थालाई सफाईको मौका दिनु पर्नेछ ।

(५) अनुगमन तथा मूल्याङ्कन समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

३२. **पुरस्कार र सम्मान सम्बन्धी व्यवस्थाः** (१) अनुगमन तथा मूल्याङकन समितिको सिफारिसमा उत्कृष्ट कार्य गर्ने संस्थालाई नगरपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ।

३३. **नसिहत दिने वा सचेत गराउनेः** संस्था दर्ता अधिकारीले देहायको अवस्थामा संस्था वा संस्थाको पदाधिकारी, सदस्य वा कार्यकारी प्रमुखलाई नसिहत दिने वा सचेत गराउने छ

क. यस ऐनमा उल्लेखित प्रावधानको उल्लंघन गरेमा,

ख. प्रदेश सरकार वा सन्त्रालयले दिएका निर्देशन विपरीत कार्य गरेमा,

ग. स्वीकृति दिइएको योजनाविपरीत कार्य गरेमा,

घ. उपयुक्त कारण बेगर स्वीकृति पाएको तीन महिनाभित्र कार्य प्रारम्भ नगरेमा,

ङ. यस ऐन बमोजिम बनेको आचारसंहिताको पटक/पटक उल्लंघन गरेमा,

च. संविधान र प्रचलित कानून विपरीत कार्य गरेमा ।

३४. **वैदेशिक सहयोगः** (१) यस ऐन बमोजिम स्थापना भएका संस्थाले वैदेशिक सहयोग लिने सक्नेछ।तर वैदेशिक सहयोग लिने सम्बन्धी व्यवस्था नगरपालिकाको सिफारिसमा प्रचलित संघीय कानून बमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिम कुनैपनि संस्थाले प्राप्त गरेको वैदेशिक सहयोग जुन उद्देश्यका लागि प्राप्त गरेको हो सोही उद्देश्यका लागि मात्र खर्च गर्नु पर्नेछ ।

३५. **अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासम्बन्धी व्यवस्थाः** (१) कुनै पनि अन्तराष्ट्रिय गैरसरकारी संस्थाले प्रचलित कानून बमोजिम पूर्व स्वीकृति लिएर मात्र कार्य गर्नु पर्नेछ ।

(२) अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाले कर्मचारी नियुक्ति गर्नु परेमा नेपाली नागरिकलाई पहिलो प्राथमिकता दिनु पर्नेछ । त्यसरी नियुक्त गर्दा समावेशितालाई ध्यान दिनु पर्नेछ ।

(३) यस ऐन, नेपाल सरकार वा प्रदेश सरकार वा नगरपालिकाको निर्देशन विपरीत कार्य गरेको पाइएमा त्यस्तो अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई दिइएको स्वीकृति नगरपालिकाले जुनसुकै बखत रद्द गर्न सक्नेछ।

३६. **अधिकार प्रत्यायोजनः** (१) प्रमुख प्रशासकीय अधिकृतले आफूलाई प्राप्त अधिकारहरूमध्ये कुनै अधिकार कार्यालयको अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

३७. **संस्थाको विघटन र त्यसको परिणामः** (१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जायजेथा नगरपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले खामेसम्म त्यस्तो दायित्व नगरपालिकाले व्यहोर्नेछ । तर संस्थाको जायजेथाले नखाने अन्य दायित्व नगरपालिकाले व्यहोर्ने छैन।

३८. **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम, निर्देशिका, कार्यविधि एवं मापदण्ड बनाउन सक्नेछ ।

३९. **आचार संहिता जारी गर्नेः** नगरपालिकाले संस्थाहरुको लागि आचारसंहिता जारी गरी लागु गर्न सक्नेछ र आचार संहिताको पालना सम्बन्धी प्रकृया समेत निर्धारण गर्नेछ। नगरपालिकाले जारी गरेको आचारसंहिता पालना गर्नु यस ऐन बमोजिम दर्ता तथा सूचीकृत भएका संस्थाहरुको कर्तव्य हुनेछ।

४०. **<u>संस्था दर्ता अधिकारी:</u>** (१) प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता अधिकारीको रुपमा काम गर्नेछ।

(२) संस्था दर्ता अधिकारीको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

४१. **<u>नगरपालिकासँग सम्पर्कः</u>** कुनै संस्था, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा साझेदार निकायले नगरपालिकासँग सम्पर्क राख्दा नगरपालिकाको संस्था दर्ता सम्बन्धी विषयक्षेत्र हेर्ने शाखा मार्फत् राख्नु पर्नेछ।

४२. **<u>संस्थासँग सहकार्यसम्बन्धी व्यवस्था:</u>** नगरपालिकाले तोकेको वा स्वीकृत गरेको कुनै योजना तथा कार्यक्रम कार्यान्वयन गर्न प्रचलित कानूनको अधीनमा रही संस्थाहरुसंग सहकार्य गर्न सक्नेछ । सहकार्य सम्बन्धी विधि, प्रक्रिया र शर्त तोकिए बमोजिम हुनेछ।

४३. **<u>निर्देशन दिनेः</u>** नगरपालिकाले आफ्नो क्षेत्रभित्र दर्ता वा सूचीकरण भएर संचालनमा रहेका संस्थालाई समसय-समयमा आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशन पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ।

४४. **बचाउः** (१) यो ऐन प्रारम्भ हुनु अघि संस्था दर्ता सम्बन्धी भएका सम्पूर्ण काम कारवाहीहरु यसै ऐन बमोजिम दर्ता भएको मानिने छ।

(२) संस्था दर्ता, नवीकरण सम्बन्धी व्यवस्था अन्य प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(३) यस ऐनमा भएको कुनै व्यवस्था प्रचलित संघीय र प्रदेश कानून सँग बाझिने भएमा बाझिएको हद सम्म अमान्य हुनेछ।

४५. **<u>बाधा अड्काउ फुकाउने अधिकार:</u>** यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आएमा त्यस्तो बाधा अड्काउ हटाउन नगरपालिकाले स्थानीयराजपत्रमा सूचना प्रकाशित गरी आदेश जारी गर्न सक्नेछ।

अनुसूची-१
(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)
निवेदनपत्रको ढाँचा

श्री संस्था दर्ता अधिकारीज्यू,
सूर्यविनायक नगरपालिका
कटुञ्जे भक्तपुर ।

**विषय: संस्था दर्ता/सूचीकरण गर्ने सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाको वडा नं. ......को .......................... टोलमा ...................................... नामक संस्था खोल्न चाहेकोले सूर्यविनायक नगरपालिकाको संस्था दर्ता ऐन, २०७९ बमोजिम संस्था दर्ता/सूचीकरण गर्नको लागि तपसिलको विवरण खोली निवेदन गरेको छु/छौं । प्रस्तावित संस्थाको विधानको ..... प्रति र अन्य आवश्यक कागजात यसै निवेदन साथ संलग्न छ।

**निवेदकको**
दस्तखत:
नाम थर:
संस्थाको पदीय जिम्मेवारी:
मोवाइल नं:
मिति:

**तपसिल**

क. प्रस्तावित संस्थाको नाम, ठेगाना र उद्देश्य
ख. कार्य समितिका सदस्यहरुको नाम, ठेगाना, पेशा र तीनपुस्ते विवरण
ग. कार्यसमिति सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि
घ. संस्थाको प्रमाणित विधान
ङ. आर्थिक स्रोत
च. स्वघोषणा पत्र
छ. सम्बन्धित वडाको सिफारिस पत्र
ज. अन्य।

अनुसूची-२

(दफा ४ को उपदफा (२)छ. सँग सम्बन्धित)

स्वघोषणा-पत्रको ढाँचा

**स्वघोषणा-पत्र**

प्रस्तावित श्री ................................................................. नामक संस्था दर्ता गर्न दरखास्त दिने हामी तपसिल बमोजिमका आवेदकहरुले सूर्यविनायक नगरपालिकाको संस्था दर्ता ऐन, २०७९ बमोजिम संस्था दर्ता/स्थापना गरी आफ्नो सामाजिक/ साहित्यिक/ सांस्कृतिक/ वैज्ञानिक/ कल्याणकारी/ धार्मिक/ शैक्षिक/ बौद्धिक/ पर्यावरणीय/ अनुसन्धानमूलक/ शारीरिक सुगठन/ परोपकारी काम गर्ने/ पेशागत हकहित संरक्षण गर्ने/ सामुदायिक विकास गर्ने/ पर्यावरण संरक्षण गर्ने/ .........अधिकार, सुशासन वा सामाजिक न्यायको पैरवी गर्ने बाहेक अन्य कुनै उद्देश्य नभएको र तपसिलमा उल्लेखित विषयको साथै अन्य कुनै कुराले संस्थाको सदस्यता प्राप्त गरी कार्य गर्न गराउन अयोग्य नभएको स्वघोषणा गर्दछौं।

**तपसिल**

**हामी आवेदकहरु कोही पनि-**

क. यसै प्रकृतिको अन्य संस्थाको सदस्य छैनौं।

ख. बैंक तथा वित्तीय संस्था वा सहरकरी संस्थाको सदस्य वा कारोवारी भई कालो सूचीमा परेका छैनौं।

ग. यस अघि कुनै संस्था खोली वा व्यवसाय गरी सदस्यहरुको रकम हिनामिना गरी कारवाहीमा परेका वा फरार रहेका व्यक्ति हैनौं।

घ. सरकारी स्रोतको हिनामिना तथा सम्पत्ति शुद्धिकरण सम्बन्धी कसूरमा सजाय पाएका व्यक्ति हैनौं।

ङ. प्रचलित कानून बमोजिम कुनै किसिमको फौजदारी सजाय पाएका छैनौं।

च. दर्ता गर्न प्रस्ताव गरिएको संस्थाको उद्देश्य, मूल्य-मान्यता र प्रचलित कानून बमोजिम संस्था संचालन गर्न मञ्जुर छौं।

**उपर्युक्त व्यहोरा ठीक साँचो हो। झुट्टा ठहरे कानून बमोजिम सहुँला, बुझाउँला।**

भनी सही छाप गर्नेः-

| सि.नं. | आवेदकको नाम, थर | नागरिकता नं., जारी मिति र जिल्ला | हालको ठेगाना र सम्पर्क नं. | मोवाइल नं. | दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |

अनुसूची-३

(दफा ४ को उपदफा (४) र (७) सँग सम्बन्धित)

प्रमाण-पत्रको ढाँचा

**संस्था दर्ता/सूचीकरण प्रमाण-पत्र**

सूर्यविनायक नगरपालिका वडा नं...... स्थित .................................................. मा स्थापना भएको .......................................................... संस्थालाई सूर्यविनायक नगरपालिकाको संस्था दर्ता ऐन, २०७९ को दफा ....... बमोजिम...............साल ..................... महिना ................... गते दर्ता/सूचीकरण गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

संस्था दर्ता अधिकारीको सहीः

पूरा नामः

दर्जा:

कार्यालय :

नवीकरण

| नवीकरण गरेको मिति | दर्ताको प्रमाणपत्र वहाल रहने अवधि | नवीकरण दस्तुर | संस्था दर्ता अधिकारीको दस्तखत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

अनुसूची-४

(दफा ९ सँग सम्बन्धित)

दर्ता कितावको ढाँचा

**<u>संस्था दर्ता किताव</u>**

| दर्ता नं. | दर्ता मिति | | | संस्थाको नाम र ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरूको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रमाणीकरण मितिः २०७९।०८।१५

आज्ञाले,
(राजेन्द्र प्रसाद कडेल)
प्रमुख प्रशासकीय अधिकृत